वैठक संख्याः २०८२/८३-९

आज मिति २०८२/१०/१३ गते विहीवारको दिन विहान ८ वजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको ९ औं वैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको वैठकहलमा देहायको सदस्यहरुको उपस्थितिमा बसी देहाय वमोजिमको प्रस्ताव उपर छलफल गरी विभिन्न निर्णयहरु गरियो।

उपस्थितिः

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | श्री प्रतिभा वली खड्का | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक वहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज वोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री वुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना वस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | |

अन्य उपस्थितिः

१. श्री भिमलाल भण्डारी — सुचना प्रविधि अधिकृत सातौं तह

२. श्री बल वहादुर चलाउने — का स

Scanned with CamScanner

Scanned with CamScanner

सिद्ध कुमाखगाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स.२०८२।८३
च.न.

मिति२०८२/१०/१३ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्षद्धारा प्रस्तवित एजेण्डा:

१.अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२.सङ्घीय समपुरक अनुदान योजना माग सम्बन्धमा ।
३. सङ्घीय विशेष अनुदान योजना माग सम्वन्धमा ।
४. योजनाको सम्झौता अवधि निर्धारण सम्बन्धमा
५. सोलार पाता व्यवस्थापन सम्वन्धमा।
६. वहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट बाँडफाँड र कार्यान्वयन सम्बन्धमा।
७. सुनौला हजार दिने सुत्केरी आमाहरुका लागि आयआर्जनमूलक कार्यक्रम सम्बन्धमा।
८. स्थानीय तहमा TEVT समन्वय समिति गठन सम्बन्धमा।
९. ढोरचौर वजार फोहर व्यवस्थापन तथा सरसफाइ सम्वन्धमा।
१०. राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन सम्वन्धमा।
११. योजना अधिकृतको जिम्मेवारी तोक्ने सम्वन्धमा।
१२.ब्लड बैंक स्थापनाको लागि आर्थिक सहायता सम्बन्धमा।
१३.आर्थिक सहायता सम्वन्धमा।

...णित भयो।

Scanned with CamScanner
Scanned with CamScanner

प्रस्तावनं१अघिल्लोबैठककोसमिक्षासम्वन्धमा।

निर्णयनं१:

यसअघिमिति२०८२/०९/२४गतेबसेकोगाउँकार्यपालिकाकोसातौंबैठककापारितनिर्णयहरुकार्यान्वयनभए/नभए कोभन्नेसम्वन्धमाब्यापकछलफलगरिसमिक्षागरियो।

प्रस्ताव नं २ सङ्घीय समपुरक अनुदान योजना माग सम्बन्धमा ।

निर्णयनं२:

राष्ट्रिय योजना आयोगको मिति २०८२।०८।२६ गते प्रकाशित सुचना अनुसार आगामी आ.व २०८३।८४ का लागि कार्यान्वयन हुने सङ्घीय समपुरक अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गरि पठाउने निर्णय गरियो ।

| क्र. सं. | योजना/ कार्यक्रम | योजना कार्यान्वयन हुने स्थान | कुल लागत प्रस्तावित रकम |
|---|---|---|---|
| १ | ढोरचौर-फलाटे सडक स्तरोन्नती तथा कालोपत्रे क्रमागत | वडा नं ३ | ४ करोड ८० लाख |
| २ | उचाल्ने-खार्वन-सागिनेसडक स्तरोन्नती | वडा नं ४ | २ करोड ४० लाख |
| ३ | पटारे हम्पाल बागचौर सडक स्तरोन्नती | वडा नं १ | २ करोड |

प्रस्ताव नं ३ सङ्घीय विशेष अनुदान योजना माग सम्बन्धमा ।

निर्णयनं३:

राष्ट्रिय योजना आयोगको मिति २०८२।०८।२६ गते प्रकाशित सुचना अनुसार आगामी आ.व २०८३।८४ का लागि कार्यान्वयन हुने सङ्घीय विशेष अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव प्राथमिकरण गरी पठाउने निर्णय गरियो ।

| क्र. सं. | योजना/ कार्यक्रम | संघिय सरकारको लागत प्रस्ताव रकम |
|---|---|---|
| १. | शारदा देविदर्का उपल्लो बाँझकाडा एक घर एक धारामर्मत तथा निर्माण योजना | १ करोड ५० लाख |
| २. | विद्यालय गुणस्तर सदृढीकरण कार्यक्रम क्रमागत | २ करोड |
| ३. | विद्यालय घेरवार कार्यक्रम | ३ करोड |

Scanned with CamScanner

Scanned with CamScanner

प्रस्तावनं ४ योजनाको सम्झौता अवधि निर्धारण गर्ने सम्बन्धमा।

निर्णय नं-४

सिद्ध कुमाख गाउँपालिका आ. व. २०८२/०८३ को वार्षिक स्वीकृत योजनाहरु विविध कारणले कार्यान्वयनमा ढिलाई हुन गइ पुंजीगत खर्च हालसम्म १ प्रतिशत मात्र भएको सन्दर्भमा योजनाका कामहरु द्रुत गतिमा सञ्चालन गर्नुपर्ने भएको हुँदा गाउँपालिका र वडाहरुले सम्पादन गर्नुपर्ने योजनाहरु कार्यान्वयनका लागि सबै प्रकियाहरु पूरा गरी फागुन मसान्तभित्र सम्झौता गरिसक्नुपर्ने निर्णय सर्वसम्मत पारित गरियो।

प्रस्ताव नं ५ सोलार पाता व्यवस्थापन सम्बन्धमा।

निर्णय नं ५

सिद्ध कुमाख गाउँपालिका वडा नं ५ मा सञ्चालित घरेली खानेपानी योजनाका सोलार पाता विभिन्न कारणले टुट्फुट भइ उक्त पाताले काम नगर्ने अवस्था भएकाले सो योजनालाई दिगो रुपमा सञ्चालन गर्नका लागि घरेली खानेपानी योजनाका लागि लिफ्ट सिस्टममा ५ वटा सोलार पाता आवश्यक परेको भनी वडा नं ५ को सिफारिस पत्र समेतका आधारमा सिद्ध कुमाख गाउँपालिका आ.व. २०८२/८३ को स्वीकृत वार्षिक वजेट तथा "पालिका स्तरका खानेपानी आयोजनाहरुको सञ्चालन तथा व्यवस्थापन " शिर्षकवाट रकम खर्च गर्ने गरी अधिकतम २६५Watt क्षमताको सोलार पाता गाउँपालिका बाट खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

प्रस्ताव नं ६- बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट बाँडफाँड र कार्यान्वयन सम्बन्धमा।

सिद्ध कुमाख गाउँपालिका आ. व. २०८२/८३को शसर्त बजेट वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत शाखागत रुपमा कार्यक्रम कार्यान्वयन हुने गरी बजेट रु. २०६५०००।( अक्षेरुपीः बीस लाख पैंसट्टी हजार) विनियोजन भइ आएको हुँदा तपसिलका शाखाहरुले प्रचलित कानुन तथा कार्यविधिको परिधिभित्र रही कार्यक्रम कार्यान्वयन गर्नका लागि तपसिलको वजेट बाँडफाँट गर्ने निर्णय गरियो।

तपसिलः

| क्र. सं | शाखा / क्षेत्र | कार्यक्रमहरु | कुल बजेट |
|---|---|---|---|
| १ | शिक्षा युवा तथा खेलकुद शाखा | विद्यालयमा पोषण सप्ताह तथा पोषण सुधार सम्वन्धी अभिमुखीकरण कार्यक्रम | ८०००० |
| २ | स्वास्थ्य शाखा | वृद्धि अनुगमन र प्रवर्धन कार्यक्रम सुदृढीकरण | २४०००० |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | अन्तर्गत २ वर्ष मुनीका बच्चाहरुलाई २० पटक भन्दा बढी तौल लिने आमा र बच्चालाई प्रोत्साहन तथा पोषण सुधार अभिमुखीकरण | |
| ३ | पशु शाखा | आयआर्जनमूलक कार्यक्रम अन्तर्गत उन्नत जातका भैसी खरिद तथा वितरण (५०% साझेदारी) | १४६०००० |
| ४ | शासकीय प्रवन्ध | १. जनप्रतिनिधि तथा सरोकारपालालाई अभिमुखीकरण कार्यक्रम<br>२. खाद्य सुरक्षा निर्देशक समितिको वैठक सञ्चालन खर्च | १००००० |
| ५ | महिला तथा वालवालिका शाखा | सासु-बुहारी अन्तर्क्रिया तथा पोषण सुधार सम्वन्धी अभिमुखीकरण कार्यक्रम | ८५००० |
| ६ | कृषि शाखा | १. अदुवाको मिठाइ बनाउने तथा प्राङगारिक खेती( कम्पोष्ट मल, जैविक विषादी निर्माण) र असल कृषि अभ्यास प्रवर्धन सम्वन्धी तालिम | १००००० |
| जम्मा बजेट रु. | | | २०,६५००० |

**प्रस्ताव नं ७-सुनौला हजार दिनका विपन्न महिलाहरुको पोषण सुधारका लागि आयआर्जन अनुदान कार्यक्रम सञ्चालन सम्वन्धमा।**

निर्णय नं -७

आ. व. २०८२ /८३को वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौला हजार दिनका विपन्न महिलाहरुको पोषण सुधारको लागि आयआर्जन अनुदानमा रु. ७ लाख वजेट विनियोजन भई आएको हुँदा सो वजेटको परिधिभित्र रही तपसिलका कार्यक्रमहरु कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

Scanned with CamScanner

Scanned with CamScanner

तपसिलः

| वडा नं | कार्यक्रमको नाम | कार्यान्वयन प्रकिया | कार्यक्रमको लक्षित वर्ग | विनियोजित बजेट | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | उन्नत जातका पशुपंछी खरिद तथा पालन | वडा कार्यालय बाट छनौट भएका लक्षित वर्गको मागको आधारमा खरिद तथा वितरण | सुनौला हजार दिने दलित महिलाहरु | १४०००० | पालिका |
| २ | उन्नत जातका पशुपंछी खरिद तथा पालन | वडा कार्यालय बाट छनौट भएका लाभग्राहीको मागको आधारमा खरिद तथा वितरण | सुनौला हजार दिने दलित महिलाहरु | १४०००० | पालिका |
| ३ | उन्नत जातका पशुपंछी खरिद तथा पालन | वडा कार्यालय बाट छनौट भएका लाभग्राहीको मागको आधारमा खरिद तथा वितरण | सुनौला हजार दिने दलित महिलाहरु | १४०००० | पालिका |
| ४ | उन्नत जातका पशुपंछी खरिद तथा पालन | वडा कार्यालय बाट छनौट भएका लाभग्राहीको मागको आधारमा खरिद तथा वितरण | सुनौला हजार दिने दलित महिलाहरु | १४०००० | पालिका |
| ५ | उन्नत जातका पशुपंछी खरिद तथा पालन | वडा कार्यालय बाट छनौट भएका लाभग्राहीको मागको आधारमा खरिद तथा वितरण | सुनौला हजार दिने दलित महिलाहरु | १४०००० | पालिका |

Scanned with CamScanner

प्रस्ताव नं ८- स्थानीय तहमा TEVT समन्वय समिति गठन सम्बन्धमा।

निर्णय नं -८

कर्णाली प्रदेश , सामाजिक विकास मन्त्रालयबाट स्वीकृत "राष्ट्रिय व्यवसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०७९" को धारा १६ उपधारा १ र २ अनुसार यस सिद्ध कुमाख गाउँपालिकामा गाउँपालिका उपाध्यक्ष श्री राम बहादुर बस्नेत ज्युको अध्यक्षतामा TEVT समन्वय समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

१. श्री राम बहादुर बस्नेत-(गाउँपालिका उपाध्यक्ष)- संयोजक
२. श्री प्रतिभा वली (खड्का)-(निमित्त प्रमुख प्रशासकीय अधिकृत)- सदस्य
३. श्री खर्कबीर रोका -(सामाजिक विकास समिति संयोजक) -सदस्य
४. श्री रामकुमार डाँगी -(रोजगार संयोजक )– सदस्य
५. श्री गोविन्द चलाउने – (उद्यम विकास सहजकर्ता )–सदस्य
६. श्री बिनु बुढाथोकी –(रोजगार संस्थाहरुबाट स्थानीय तहले तोकेको महिला ) - सदस्य
७. श्री चेतना थापा (शिक्षा शाखा प्रमुख)- सदस्य - सचिव

प्रस्ताव नं ९.ढोरचौर बजार फोहर व्यवस्थापन तथा सरसफाइ सम्बन्धमा।

निर्णय नं ९.

सिद्ध कुमाख गाउँपालिका वडा नं ३ मा रहेको ढोरचौर बजारको वढ्दो जनसंख्याको चापलाई मध्यनजर गरी फोहोरमैला व्यवस्थापन तथा सरसफाइयुक्त बजार निर्माणको लागि डम्पिङ साइट निर्माण गर्नुपर्ने भएको हुदाँ बजार आसपासको उपयुक्त स्थानमा वजार व्यवस्थापन समितिसँग समन्वय गरी डम्पिङ साइट खोजि गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १०.राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धमा।

निर्णय नं १०.

सिद्ध कुमाख गाउँपालिका स्तरीय आठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ सिद्ध कुमाख गाउँपालिका वडा नं ५ मा सञ्चालित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा मिति २०८२/१०/२३ गतेदेखि सञ्चालन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

Scanned with CamScanner

प्रस्ताव नं ११ योजना अधिकृतको जिम्मेवारी तोक्ने सम्बन्धमा।

निर्णय नं ११.

सिद्ध कुमाख गाउँपालिकामा योजना शाखा प्रमुखको रुपमा काम गर्न अर्को व्यवस्था नभएसम्मगाउँपालिकामा कार्यरत पशु चिकित्सक श्री घनश्याम दाहाल(अधिकृत सातौं तह)लाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं १२. ब्लड बैंक स्थापनाको लागि आर्थिक सहयोग सम्बन्धमा।

निर्णय नं १२.

स्वास्थ्य सेवा कार्यालय सल्यानमा स्थापना भएकव ब्लड बैंक संचालनका लागि उक्त कार्यालयको च नं ३५८ मिति २०८२/०९/०६ गतेको पत्रबाट आर्थिक सहयोगको लागि अनुरोध भइ आएको हुदाँ आव २०८२/८३ को वार्षिक स्वीकृत वजेट तथा कार्यक्रम अन्तर्गत अन्य संस्था सहायता शिर्षकबाट रु ५० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १३. आर्थिक सहायता सम्बन्धमा ।

निर्णयनं१३:

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १. | सिता कामी | सिद्ध कुमाख २ सल्यान | श्रीमानको मृत्यू भइ काजक्रिया गर्ने खर्च नभएकोले | रु १० हजार |
| २ | नन्दलाल रोकाहा | सिद्ध कुमाख ३ सल्यान | पसल आगलागि भइ पुर्ण क्षति भएको | रु १० हजार |
| ३ | गोपाल वि.क. | सिद्ध कुमाख २ सल्यान | रोगजारको शिलशिलामा सिलिण्डर विस्फोट भइ सपरिवारको मृत्यू भएकोले काजक्रिया खर्च | रु २५ हजार |
| ४ | अभिसेक वि.क. | सिद्ध कुमाख २ सल्यान | रोगजारको शिलशिलामा सिलिण्डर विस्फोट भइ परिवारको मृत्यू भएकोले काजक्रिया खर्च | रु २५ हजार |